मनोसामाजिक मनोविमर्शकर्ता तालिम सञ्चालन कार्यविधि, २०८३

बागमती प्रदेश सरकार
स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल



बागमती प्रदेश सरकार

स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

२०८३

मनोसामाजिक मनोविमर्शकर्ता तालिम सञ्चालन कार्यविधि, २०८३

प्रस्तावनाः

हिंसा, विभेद, वञ्चितिकरण, विपद्, विमारी, वेरोजगारी लगायतका कारणले मानिसका भावना, संवेग, सोच, धारणा र व्यवहारमा पर्ने नकरात्मक प्रभाव र व्यवहारबाट सिर्जित मनोसामाजिक समस्या समाधान गर्न समुदायमा आवश्यक पर्ने मनोसामाजिक मनोविमर्शकर्ताहरुको लागि आर्थिक वर्ष २०८३/०८४ मा व्यवस्था भएको मनोसामाजिक मनोविमर्श तालिम सञ्चालनसम्बन्धी कार्यक्रमलाई सरल, सहज र प्रभावकारी रुपमा कार्यान्वयन गर्ने उद्देश्यले,

प्रदेश विनियोजन ऐन, २०८३ को दफा ११ को उपदफा (२) बमोजिम स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

परिछेच्द एक

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१)यो कार्यविधिको नाम"मनोसामाजिक मनोविमर्शकर्ता तालिम सञ्चालन कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि बागमती प्रदेश भित्र लागू हुनेछ ।

(३) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "प्रदेश" भन्नाले बागमती प्रदेशलाई सम्झनुपर्दछ ।

ख. "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशलाई सम्झनु पर्दछ ।

ग. "मनोसामाजिक समस्या" भन्नाले व्यक्तिले आफु र समाजको बीचको तालमेलको अभावमा सिर्जित मानसिक, शारीरिक, सामाजिक समस्यालाई सम्झनु पर्छ ।

घ. "साझेदार संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको गैर नाफामुलक यसै क्षेत्रमा काम गर्ने संस्था सम्झनु पर्छ ।

ङ. "सरकारी निकाय" भन्नाले नेपाल सरकार र प्रदेश सरकार मातहतमा सञ्चालन भएको निकाय वा कार्यालयलाई सम्झनु पर्छ ।

परिछेच्द दुई

उद्देश्य, तालिमको अवधि तथा पाठ्यक्रम

३. उद्देश्य

क.मनोसामाजिक समस्या, मानसिक स्वास्थ्य र मनोविमर्शसम्बन्धी ज्ञान तथा सीप प्रदान गर्नु

मा.कन्चन चन्द्र वादे
मन्त्री

ख· विभिन्न कारणले मनोसामाजिक एवम् विविध कारणवाट समस्यामा परेका व्यक्तिहरूलाई मनोविमर्श सेवा प्रदान गर्न सक्षम बनाउनु

ग· व्यक्तिगत, पारिवारिक, सामुहिक मनोविमर्श सेवा र विशिष्ट सेवा प्रदान गर्न जनशक्तिको क्षमता अभिवृद्धि गर्नु ।

४. तालिमको अवधि तथा पाठ्यक्रम

तालिम अवधि ६ महिनाको हुनेछ। नेपाल सरकार स्वास्थ्य मन्त्रालय मातहत वा बागमती प्रेदश सरकारको स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय वा अन्य सरकारी मान्यताप्राप्त निकायले स्वीकृत गरे बमोजिमको पाठ्यक्रम बमोजिम तालिम सञ्चालन हुने हुनेछ ।

परिछेच्द तीन

प्रशिक्षार्थीको योग्यता तथा छनोट प्रक्रिया

५. तालिममा सहभागी हुनका लागि चाहिने प्रशिक्षार्थीको न्यूनतम योग्यता

क. १२ कक्षा उत्तीर्ण गरेको हुनुपर्ने,

ख. २० बर्ष पुरा भई ४५ बर्ष ननाघेको,

ग. बागमती प्रदेशमा स्थायी बसोबास भएको महिला हुनुपर्ने,

घ. तालिम अवधिभर सहभागीले पूर्ण समय तालिममा रहने प्रतिबद्ध भएको,

ङ. तालिम पश्चात अन्य कुनै पेशामा संलग्न नभई मनोविमर्श सेवालाई प्राथमिकतामा राखेर काम गर्ने वृत्ति योजना भएको,

च. विगतमा मनोसामाजिक समस्याबाट गुज्रिएर हाल सामान्य जीवन विताइरहेका व्यक्तिलाई प्राथमिकता दिइनेछ,

छ. प्रचलित कानुनले अयोग्य नठहरिएको,

ज. घरेलु हिंसाबाट पीडित/प्रभावितहरुको लागि सञ्चालित जिल्ला सेवा केन्द्र,सामूदायिक सेवा केन्द्र/मनोसामाजिक मनोविमर्श केन्द्र र मनोविमर्श सेवा दिने संस्थामा काम गर्न रूची भएको,

झ. तालिम पश्चात् सामाजिक मनोविमर्श सेवालाई आफ्नो वृत्ति (Career) बनाउन इच्छुक व्याक्तिलाई मात्र सहभागिताको लागि मनोनयन गर्नुपर्नेछ,

ञ. छनोट भएका व्याक्तिहरुको लागि तालिम निशुल्क हुनेछ। सहभागीहरुको लागि खाना र बस्नको व्यवस्था समेत तालिम प्रदायक संस्थाबाट हुने गरी व्यवस्था मिलाइनेछ।

ट. तालिममा सहभागी हुने व्यक्तिहरुले तालिमको पुरा अवधि सहभागी नभई बिचमा तालिम छोडेमा अर्को पटक सञ्चालन हुने तालिमको लागि सहभागी हुन योग्य हुनेछैन ।

६. प्रशिक्षार्थी छनोट प्रकिया

(१)प्रशिक्षार्थी छनोटका लागि १५ दिनको सूचना राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन गर्नुपर्नेछ। उक्त सूचना मन्त्रालयको वेवसाइटमा समेत राख्नुपर्नेछ।

बागमती प्रदेश सरकार स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय हेटौंडा, नेपाल
मा.कन्चन चन्द्र बाबे मन्त्री

(२)प्राप्त आवेदनहरु मध्येबाट प्रशिक्षार्थी छनोट गर्दा दफा ५ बमोजिम योग्यता पुगेका आवेदनहरु मध्ये अनुसूची १ को आधारमा छनोट गर्नु पर्ने छ ।

(३)तालिम/कार्यक्रम सञ्चालन गर्दा संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार वा मातहतका निकायबाट कार्यान्वयन भएका उस्तै प्रकृतिका तालिम/कार्यक्रमहरुमा सहभागिता जनाई सकेका प्रशिक्षार्थीहरुलाई दोहोरो पर्ने गरी समावेश गरिने छैन ।

७. छनोट तथा सिफारिस समितिः (१) मन्त्रालयमा देहाय बमोजिम सहभागी छनौट समिति रहनेछः–

(क)	महाशाखा प्रमुख, सम्बन्धित महाशाखा,मन्त्रालय	-संयोजक
(ख)	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अधिकृत प्रतिनिधि	-सदस्य
(ग)	कानून अधिकृत, मन्त्रालय	-सदस्य
(घ)	अधिकृत, प्रशासन शाखा, मन्त्रालय	-सदस्य
(ङ)	सम्बन्धित शाखाको अधिकृत	-सदस्य–सचिव

(२) छनोट तथा सिफारिस समितिको बैठकमा आवश्यकताअनुसार सम्बन्धित विषयका विज्ञ वा अन्य सम्बन्धित व्यक्तिलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

(३) प्राप्त आवेदनहरु मध्येबाट अनुसूची १ बमोजिम सङ्क्षिप्त सूची (Shortlist) तयार गरी प्रकाशन गर्ने व्यवस्था मिलाइनेछ। योग्यता पुगेका आवेदनहरु मध्येबाट अनुसूची १ बमोजिम सङक्षिप्त सूची (Shortlist) जारी गरिनेछ। प्रकाशित सङ्क्षिप्त सूची (Shortlist) का उम्मेदवारबाट अन्तवार्ता लिइ स्वीकृत वार्षिक कार्यक्रमको आधारमा तोकिएको कोटा अनुसारको सङ्ख्यामा सिफारिस गरिनेछ। समितिले २० प्रतिशत उम्मेदवारलाई वैकल्पिक उम्मेदवारको रुपमा समेत सिफारिस गर्नु पर्नेछ । कम्तिमा एक जिल्लाबाट एकजना छनौट गर्नु पर्नेछ ।

परिछेच्द चार

संस्थाको योग्यता, छनोटको आधार, मापदण्ड तथा छनोट प्रकृया

८. सरकारी तालिम प्रदायक संस्था मार्फत तालिम सञ्चालनः (१) मनोसामाजिक मनोविमर्श तालिम नेपाल सरकार, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, बागमती प्रदेश सरकार स्वास्थ्य तालिम केन्द्र वा अन्य उपयुक्त सरकारी संस्था मार्फत सञ्चालन गरिनेछ ।यसका लागि मन्त्रालयले सूचना प्रकाशन, सम्बन्धित निकायमा पत्रचार तथा समन्वय गर्नुपर्नेछ ।

(२) तालिम सञ्चालनका लागि लाग्ने रकम मध्येको ५०% तालिम सञ्चालनका लागि सम्झौता पश्चात तथा बाँकी ५०% तालिम सम्पन्न भए पश्चात तालिम प्रदायक संस्थालाई उपलब्ध गराइनेछ।

मा. कल्पना चन्द्र बोहरा
मन्त्री

(३) उपदफा (१) बमोजिमका संस्था मार्फत तालिम सञ्चालन गर्न कठिनाई उत्पन्न भएमा वा उपयुक्त नदेखिएमा मात्र अन्य तालिम प्रदायक संस्था छनोट गरी त्यस्ता संस्था मार्फत तालिम सञ्चालन गरिनेछ।

९. तालिम प्रदान प्रदायक संस्थाको योग्यताः तालिम सञ्चालन गर्ने संस्थाहरुको योग्यता देहाय वमोजिम हुनेछः

(क) कानून बमोजिम दर्ता भएको

(ख) समाज कल्याणपरिषद्को आवद्धता प्रमाणपत्र भएको

(ग) मनोसामाजिक, मनोविमर्श सम्बन्धी कम्तिमा छ महिने तालीम तीन पटक सञ्चालन गरेको अनुभव भएको

(घ) कम्तिमा ३ वर्ष अनुभव भएको

(ङ) तालिम सञ्चालनको लागि आफ्नै पूर्वाधार भएको

(च) संस्थामा कम्तीमा १ जना पूर्णकालीन प्रशिक्षक भएको

(छ) आन्तरिक स्रोतको परिचालन गर्नसक्ने ।

१०. आवेदन सहित पेश गर्नुपर्ने कागजातः तालिम प्रदायक संस्थाले देहाय बमोजिमका विवरण सहित मन्त्रालयमा आवेदन दिनु पर्नेछ

(क) प्रचलित कानून बमोजिम संस्थाको दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि

(ख) संस्थाका सञ्चालकहरुको विवरण/तस्विरहरु,

(ग) संस्थाको अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,

(घ) संस्थाको भौतिक अवस्था देखिने विवरण,

(ङ) संस्थाको जनशक्तिको अवस्था र प्रशिक्षकहरुको विवरण

(च) संस्थाको विधान र संस्थाको संक्षिप्त प्रोफाइल,

(छ) कार्यस्थल अभ्यासको लागि सम्बन्धित संस्थासँग गरिएको सझौताको प्रतिलिपि

(ज) अघिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्र,

(झ) समाज कल्याणमा आवद्धताको प्रमाणपत्र,

(ञ) तालिमको प्रस्ताव पत्र,

(ट) संस्थाको अनुभव र गरेका प्रमुख कार्यहरु,

(ठ) कार्यक्रम कार्यान्वयन कार्ययोजना ।

११. संस्था छनोटको आधारः (१) संस्था छनौटका लागि मूल्याङ्कनका आधार देहाय वमोजिमका हुनेछः

क्र.स.	विवरण	अंक भार	कैफियत
१	प्रस्ताव र अवधारणा पत्रको मुल्यांकन	२०	

बागमती प्रदेश सरकार स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय हेटौंडा, नेपाल

मा. कन्चन चन्द्र वादे मन्त्री

२	संस्थाको भौतिक पक्ष	२०	
३	संस्थाको जनशक्तिको अवस्था	२०	
४	संस्थाको सम्बन्धित क्षेत्रको अनुभव	१०	
५	संस्थाको आन्तरिक श्रोत परिचालनको अंश	१०	
६	कार्ययोजना	२०	
	जम्मा	१००	

(२) उपर्युक्त तालिकाको थप व्याख्या अनुसूची २ मा गरिएको छ। जसलाई प्राविधिक आधारको रुपमा समेत लिइनेछ। ६० अङ्क प्राप्त गर्ने संस्था तालिम सञ्चालनका लागि योग्य मानिनेछ । प्राविधिक रुपमा योग्य संस्थाहरु मध्येबाट सबभन्दा न्यून आर्थिक प्रस्ताव पेश गर्ने संस्थालाई तालिम सञ्चालनको लागि छनोट गरिनेछ। तालिम सञ्चालनका लागि सेवा खरिद प्रकृया प्रचलित खरिद ऐन तथा नियमावली बमोजिम हुनेछ । कुनै सरकारी निकायबाट तालिम सञ्चालन हुने भएमा सिधै सम्झौता गरी सञ्चालन गरिनेछ ।

(३) छनौट भएका संस्थासँग मन्त्रालयले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको परिधि भित्र रही द्विपक्षीय सम्झौता गरी तालिम सञ्चालनको लागि रकम निकाशा गरिनेछ ।

(४) पहिलो किस्तामा ५० प्रतिशत निकाशा दिइनेछ । तालिम कार्य सम्पन्न गरी संस्थाको प्रतिवेदन प्राप्त भएपछि र सम्बन्धित महाशाखाको सिफारिस पछि दोस्रो किस्ता उपलब्ध गराइनेछ।

१२. **तालिम प्रदायक संस्था छनौट प्रक्रिया**

(१) दफा ८ बमोजिम सरकारी संस्था मार्फत तालिम सञ्चालन गर्न नसकिने भएमा तालिम सञ्चालन गर्ने संस्था छनोटको प्रकृया अघि बढाइनेछ ।

(२) तालिम प्रदान गर्ने संस्थाको योग्यता दफा ९ तथा छनोटको आधार दफा ११ बमोजिम हुनेछ।

(३) तालिम प्रदायक संस्था छनौट एवम् सेवा खरिद प्रक्रिया प्रचलित सार्वजानिक खरिद ऐन तथा नियमावली अनुसार गरिनेछ । सो ऐन तथा नियमावलीको व्यवस्था बमोजिम मन्त्रालयमा गठित मूल्याङ्कन समितिले प्राविधिक र आर्थिक प्रस्तावको मुल्याङ्कन गरी सिफारिस गर्नु पर्नेछ । मूल्याङ्कन समितिको सीफारिसमा मन्त्रालयले तालिम प्रदायक संस्था छनोट गरी उक्त संस्था मार्फत तालिम सञ्चालन हुनेछ ।

१३. **संस्थाको दायित्व**:कार्यक्रम प्राप्त गर्ने संस्थाले देहायको दायित्व बहन गर्नुपर्नेछ :-

(क) प्राप्त रकमको हिसाव स्वीकृत लेखा प्रणाली अनुसार राख्नु पर्नेछ ।

(ख) वित्तिय तथा भौतिक प्रगति विवरण कार्यक्रम सकिएको १५ दिन भित्र मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

(ग) आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र लेखापरीक्षण गरी एक प्रति प्रतिवेदन र सो प्रतिवेदनका सम्बन्धमा संस्थाको प्रतिकृया सहित मन्त्रालयमा समेत पेश गर्नु पर्नेछ।

मा. कल्पना चन्द्र बादे
मन्त्री

१४. **अनुगमनः** मन्त्रालयले आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ। तालिम सञ्चालन सम्बन्धी मासिक प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

परिच्छेद-पाँच
विविध

१५. **लेखा तथा लेखापरीक्षणः** तालिम सञ्चालन वापत प्राप्त गरेको रकमको लेखा राख्ने र लेखापरीक्षण गर्ने कार्य नेपाल सरकारको प्रचलित कानुन बमोजिम गर्नुपर्नेछ ।

१६. **सरकारी बाँकी सरह असुल उपर गरिनेः** तालिम कार्यक्रमको अनुदान प्राप्त गर्ने संस्थाले सम्झौतामा तोकिएको सर्त विपरीत कार्य गरेमा अनुदान निकासा भएको रकम सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

१७. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएदेखि बाहेकका अन्य विषयहरू प्रचलित कानुन बमोजिम हुनेछ ।

१८. **कार्यविधि संशोधन तथा परिमार्जनः** यस कार्यविधिमा उल्लेख भएका विषयहरूमा आर्थिक दायित्व पर्नेमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा र अन्य संशोधन गर्नु पर्ने भएमा स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

प्रदेश सरकार
स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय
नेपाल

मा. दल्चन चन्द्र यादव
मन्त्री

अनुसूची १

दफा ५ र ६ सँग सम्बन्धित

प्रशिक्षार्थी छनोटको आधार

क्र स	सङ्क्षिप्त सूची विवरण	भार	कैफियत
क	**सङ्क्षिप्त सूची (Shortlist) का लागि छनोटको आधार**	३५	
१	**शैक्षिक योग्यता** विशिष्ट र प्रथम श्रेणी १२ द्वीतीय र तृतीय १० माथिल्लो शैक्षिक योग्यता भएमा थप ३ अंक	१५	
२	**दलित/लोपोन्मुख/सिमान्तकृत समुदाय/एकल महिला लगायत** समावेशिकरण अन्तर्गत समेटनु पर्ने समूह १० अन्य भएमा ८	१०	
३	**अनुभव** घरेलु हिंसाबाट पीडित प्रभावितहरूको लागि सञ्चालित जिल्ला सेवा केन्द्र,सामूदायिक सेवा केन्द्र रमनोसामाजिक मनोविमर्श सेवा दिने संस्थाहरुमा कार्य गरेको अनुभव भएमा प्रतिवर्ष २ अङ्कका दरले बढीमा १० अङ्क वा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसंख्यकको हित अभिवृद्धि गर्नेसामाजिक कार्यको अनुभव भएको प्रतिवर्ष २ अङ्कका दरले बढीमा १० अङ्क	१०	
ख	**सङ्क्षिप्त सूची (Shortlist) प्रकाशन पछि छनोटको आधार**	१५	
१	अन्तर्वार्ता	१५ अङ्क	
	जम्मा	**५० अङ्क**	

पुनश्चः सङ्क्षिप्त सूची (Shortlist) प्रकाशनका लागि सहभागी छनोट गर्दा प्रदेश अन्तर्गतका सबै जिल्लाको आवेदन परेको हदसम्म प्रतिनिधित्व गराइनेछ। त्यसरी जिल्लागत प्रतिनिधित्व भएपछिको अवस्थामा Shortlisting बाट प्राप्ताङ्कको आधारमा वरियताक्रम निर्धारण गरी छनोट गरिनेछ। अन्तर्वाताको कुल १५ अङ्क मध्ये कम्तीमा ४०% र बढीमा ७०% भन्दा बढी दिँदा कारण उल्लेख गर्नु पर्नेछ । निर्धारित कोटाको दोब्बर सङ्ख्या भन्दा बढी नहुने गरी संक्षिप्त सूची प्रकाशन गरिनेछ।

कर्णाली प्रदेश सरकार
स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय
सुर्खेत, नेपाल

अनुसूची २

दफा ११ सँग सम्बन्धित

तालिम प्रदायक संस्था छनौटका लागि मूल्याङ्कनका आधार

क्र.स.	विवरण	अङ्कभार	कैफियत
१	**प्रस्ताव र अवधारणा पत्रको मुल्यांकन** पूर्ण प्रस्ताव र उपयुक्त ढाँचामा भएमा- १६-२० पूर्ण प्रस्ताव मात्र भएमा- १२-१५	२०	
२	**संस्थाको भौतिक पक्ष** आफ्नो संस्थामा तालिम हल र तालिम सामग्री उपलब्ध भएको -२० तालिम हलमात्र भएको- १५ तालिम हल भाडामा लिएको-१०	२०	
३	**संस्थाको जनशक्तिको अवस्था** ३ जना पूर्णकालीन प्रशिक्षक र प्रर्याप्त जनशक्ति भएको-२० २ जना पूर्णकालीन प्रशिक्षक र प्रर्याप्त जनशक्ति भएको-१७ १ जना पूर्णकालीन प्रशिक्षक र प्रर्याप्त जनशक्ति भएको -१५	२०	
४	**संस्थाको सम्बन्धित क्षेत्रको अनुभव** ५ वर्ष भन्दा बढी तालिम सञ्चालनको अनुभव भएको भए -१० ३ वर्ष भन्दा बढी ५ वर्ष सम्मको तालिम सञ्चालनको अनुभव भएको भए -८ ३ वर्ष तालिम सञ्चालनको अनुभव भएको -६	१०	
५	संस्थाको आन्तरिक स्रोत परिचालनको अंश तालिमको कुल अङ्कको ७५ प्रतिशत -१० तालिमको कुल अङ्कको ५० प्रतिशत -८ तालिमको कुल अङ्कको २५ प्रतिशत -६	१०	
६	**कार्ययोजना** तोकिएको पाठ्यक्रम बमोजिमको प्रभावकारी कार्ययोजना १६-२०	२०	
	जम्मा	१००	

मा. कल्पना बस्नेत
मन्त्री